
सन्धिखर्क नगरपालिका
आर्थिक वर्ष २०७९/०८० को
वार्षिक समीक्षा कार्यक्रम
मिति: २०८०/०५/२१





सूचक -(२८)

स्थान: बैठक कक्ष

समय: दिनको ११.०० बजे

आज मिति २०८०/१२/०५ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

कार्यपालिका बैठक संख्या: १०० औं (२०८०/८१-२/दोश्रो २६)

| क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद वन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री खुमलाल भुसाल | |

**निर्णय नं. ३**

सन्धिखर्क नगरपालिकाको चालु आर्थिक वर्ष २०८०।८१ को दोश्रो चौमासिक अवधि सम्मको आय व्ययको विवरण कार्यपालिका बैठकमा पेस भई जानकारी प्राप्त भयो ।

**निर्णय नं. ४**

सन्धिखर्क नगरपालिकाको ९९ औं कार्यपालिका बैठकका निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा छलफल भयो। आगामी दिनमा कार्यपालिका बैठकबाट भएका निर्णयहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।

**निर्णय नं. ५**

सन्धिखर्क नगरपालिकाको कार्यालयमा दर्ता भएका 'घ' वर्गको इजाजतपत्र सम्बन्धी निवेदन बैठकमा पेस भै जानकारी भयो । सो सन्दर्भमा 'घ' वर्गको इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को पहिलो संशोधनमा भएको व्यवस्था बमोजिम आवश्यक प्रक्रिया पुरा गरेका देहायको फर्मलाई **घ** वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउने।

**देहायः**

(१) श्री अर्जुन निर्माण सेवा सन्धिखर्क-१

**निर्णय नं. ६**

नेपाल पर्यटन वोर्डबाट आर्थिक वर्ष २०८१।८२ को लागि स्वीकृत कार्यक्रम अन्तर्गत सुपादेउराली पूर्वाधार विकास एवम् सौन्दर्यीकरण कार्यक्रमको लागि रू. ५,००,०००।०० विनियोजन भएको र उल्लिखित कार्यका लागि रू. ६,२५,०००।०० को लागत अनुमान तयार भएकोमा कुल लागत अनुमानको २० प्रतिशतले हुन आउने रू. १,२५,०००।०० सन्धिखर्क नगरपालिकाको तर्फबाट लागत साझेदारी गर्ने ।

२०८०।१२।६      २०८०।१२।६